## अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८१।१०। २७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६ स्थित भिउचुला देखि पुलिया सडक निर्माण कार्यमा लागत अनुमान अनुसार काम नगरी नक्कली बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला दैलेख, गुराँस गाउँपालिका-०६ स्थित भिउचुला-बगौरा-पुलिया सडक योजनाको कार्य निर्माण व्यवसायीलाई जिम्मा दिने गरी योजना राखी आफूखुसी उपभोक्ता समिति खडा गरी/गराई वदनियतपूर्वक उपभोक्ता समितिलाई जिम्मा दिएको देखाई उक्त उपभोक्ता समितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ समेतको प्रचलित कानूनी व्यवस्था विपरीत निर्माण व्यवसायीलाई जिम्मा दिई नक्कली बिल भरपाई तयार गरी/गराई, योजनामा बढी मूल्याङ्कन समेत गराई भुक्तानी दिई/लिई प्रतिवादी राष्ट्रसेवकहरूसमेतले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने र गाउँपालिकालाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बदनियतले भुक्तानी दिने/लिने कार्य गरे/गराएबाट निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ र दफा १९ को उपदफा (२) बमोजिमको कसूरजन्य कार्य भएको हुँदा उल्लिखित भ्रष्टाचार कसुरमा संलग्न प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय र बिगो बमोजिमको जरिवाना सजाय गरी विगो जफत/असुल उपर हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गुराँस गाउँपालिकाका **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम बहादुर बुढा, इन्जिनियर सरोज दाहाल, सब-इन्जिनियर नविन कुमार वि.सी., लेखा अधिकृत दिनेश दाहाल, लेखापाल राज कसेरा र योजना शाखा प्रमुख अधिकृत छैटौं मदन प्रकाश मल्ल** | रु.१०,२२,४१३।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग), (घ) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन र बिगो असुलउपर हुन मागदाबी साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत भएको हुँदा निजहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| २. | गुराँस गाउँपालिका-०६का **वडा अध्यक्ष हिम बहादुर वली** | रु.१०,२२,४१३।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (१) को देहाय (ग), (घ) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन एवं बिगो असुलउपर हुन |

| | | | |
|---|---|---|---|
| | | | साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत भएको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय समेत हुन मागदाबी लिइएको छ। |
| ३. | भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति कार्य उपभोक्ता समितिका **अध्यक्ष गगन सिंह खत्री, सचिव गोविन्द बहादुर वली, कोषाध्यक्ष नन्दा राना र ठेकेदार हिक्मत वली** | रु.१०,२२,४१३।८९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन साथै बिगो जफत/असुलउपर हुन र प्रतिवादी हिक्मत वलीलाई मुख्य कसूरदारहरुले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग), (घ), (ङ) बमोजिमको कसूरमा मतियार अन्तर्गत सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरुलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँस वमोजिम मुख्य कसूरदारहरु सरह सजाय गरी बिगो असुल उपर हुन मागदाबी एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिएको छ। |
| ४. | भिउचुला बगौरा पुलिया सडक स्तरोन्नति कार्यका अनुगमन समिति संयोजक **इन्द्रजित वि.सी., सदस्य हस्ता वि.सी., सदस्य विजय बहादुर वली** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे